# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन १३ गते २०२१ साल

### नेपाल लोकसेवा आयोगको
### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएकाछन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. १ (२०२१) को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तुर सहित निम्नलिखित मितिसम्मम यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउन पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्र र मार्कशिटको नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनुपर्छ । योग्य उम्मेदवार-हरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त दिंदा दरखास्त दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फाराम एक प्रतिको निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्नेछ ।

## विज्ञापन नं· १५

१) पद र स्थान:– श्री ५ को सरकार, पञ्चायत विकास विभाग अन्तर्गत जिल्ला पञ्चायत कार्यालय, मुस्ताङ, गुल्मी, रोल्पा, कञ्चनपुर, इलाम, रुकुम, रसुवासमेतको लागि १।१ गरी जम्मा ७ सातजना ओभरसियर, नन्–गजेटेड प्रथम श्रेणी (प्राविधिक) अनिश्चित कालतकको अस्थायी ।

२) आवश्यक न्यूनतम योग्यता:– सिभिल इञ्जिनियरिङ्ग डिप्लोमा पास ।

३) वाञ्छनीय योग्यता:– प्राविधिक काममा बिशेष अनुभव प्राप्त ।

४) मासिक तलबको स्केल:– रू. २००।– देखि३७५।– सम्म ।

५) महंगी भत्ता:– प्रचलित नेपाल कानूनबमोजिम ।

६) दरखास्त दस्तुर:– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति:– ०२१।६।१५।४

८) सम्पर्क मिति:– ०२१।६।१७।६ का दिन ४ बजे ।

९) उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १६

१) पद र स्थान:– श्री ५ को सरकार, स्वास्थ्य सेवा बिभाग अन्तर्गत तौलिहवा र पाल्पा अस्पतालको लागि १।१ गरी लेडी डाक्टर जवान २ दुई गजेटेड तृतीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यता:– एम. बी. बी. एस. ।

३) मासिक तलबको स्केल:– रू. ३५०।– देखि ६२५।– सम्म ।

४) महंगी भत्ता:– प्रचलित नेपाल कानूनबमोजिम ।

५) दरखास्त दस्तूर:– नगद रू. ३।– तीन रुपैयां ।

६) दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०२१।७।९।१ सम्म ।

७) सम्पर्कमिति:– २०२१।७।१०।२ का दिन ३ बजे ।

८) उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– उपचारसम्बन्धी ।

१०) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट योग्यतम देखिएको उम्मेदवारको यस आयोगमा तयार रहेको स्वाथ्य परीक्षण फारामबमोजिम कुनै सरकारी अस्पतालबाट स्वाथ्य परीक्षण गराई योग्य देखिएमामात्र सिफारिश गरिनेछ । स्वाथ्य परीक्षाबापत उम्मेदवारले नगद रू. १०।– दश रुपैयां बुझाउनपर्नेछ ।

## विज्ञापन नं. १७

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गत विराटनगर, वीरगञ्ज र नेपालगञ्ज अस्पतालको लागि १।१ गरी ३ तीनजना दन्त विशेषज्ञ (डेण्टलसर्जन) गजेटेड तृतीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– बि. डी. एस. पास ।

३) मासिक तलबको स्केलः– रू. ३५०।–देखि ६२५।– सम्म ।

४) महंगी भत्ताः– प्रचलित नेपाल कानूनबमोजिम ।

५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

६) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०२१।७।७।६

७) सम्पर्क मितिः– ०२१।७।६।१ का दिन ३ बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १८

१) पद र स्थानः– श्री ५ सरकार, स्वास्थ्य विभाग अन्तर्गत नन्‌गजेटेड प्रथम श्रेणी (प्राविधिक) स्टाफ नर्स जवान ३ तीन स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– ग्र्याजुयट नर्स पास ।

३) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

४) महंगी भत्ता प्रचलित नेपाल कानूनबमोजिम ।

५) दरखास्त दस्तूरः– नगद रू. १।५०।– एक रुपैयां पचास पैसा ।

६) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२१।७।६।१

७) सम्पर्क मितिः– २०२१।७।१०।२ का दिन ३ बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १९

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तगत जरायहार, पूर्व १ नं. तौली, पू. १ नं. संघली शिशापानी, पू. २ नं. पर्वतराखु, बाग्लुङ्ग, पस्याङ, पाल्पा र डांडादरा दैलेखसमेत विभिन्न आयुर्वेदीय औषधालयको लागि चाहिने नन्‌गजेटेड द्वितीय श्रेणी (प्राविधिक) वैद्य जवान ६ छ स्थायी तथा पेन्सन पाइने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) आवश्यक न्यूनतम योग्यता:– सरकारद्वारा स्वीकृत संस्थाबाट आयुर्वेद शास्त्री वा सो सरह पास ।

३) वाञ्छनीय योग्यता:– सरकारी छात्रवृत्ति प्राप्त गरी शिक्षा हासिल गरेका वा आचार्य पास वा सो सरह पास भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केल:– रू. १२५।– देखि २३५।– सम्म ।

५) महंगी भत्ता:– प्रचलित नेपाल कानूनबमोजिम ।

६) दरखास्त दस्तूर:– नगद रू. १।– एक रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति– ०२१।७।११।३

८) सम्पर्क मिति– ०२१।७।१२।४ का दिन ३ बजे ।

९) उमेर– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

## विज्ञापन नं. २०

१) पद र स्थान:– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गत बिराटनगर, वीरगञ्ज, नेपालगञ्ज र जलेश्वर अस्पतालको लागि १।१ गरी ४ चार जवान मेकानिक्स नन्‌गजेटेड द्वितीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यता:– बिजुली तथा पानीको पाइप र मेकानिकसम्बन्धी कामहरूमा पूरा तालीम पाएको ।

३) वान्छनीय योग्यता:– कुनै मेकानिक वर्कशपमा ३ वर्ष काम गरी प्रमाणपत्र पाएको तथा अंग्रेजीमा केही ज्ञान भएको ।

४) मासिक तलबको स्केल:– रू. १२५।– देखि २३५।– सम्म ।

५) महंगी भत्ता:– प्रचलित नेपाल कानूनबमोजिम ।

६) दरखास्त दस्तूर :– नगद रू. १।– एक रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति :– ०२१।७।१३।५

८) सम्पर्क मिति:–०२१।७।१४।६ का दिन ३ बजे ।

९) उमेर :– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. २१

१) पद र स्थान :– श्री ५ को सरकाकर, नहर विभाग अन्तर्गत पोखरा नहर डिभिजनको लागि ओभरसियर जवान १ नन्‌गजेटेड प्रथम श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने।

२) आवश्यक न्यूनतम योग्यता:– कुनै स्वीकृत विद्यालयबाट ओभरसियर कोर्श पास गरेको ।

३) वान्छनीय योग्यता:– कुनै अफिसमा काम गरी अनुभव प्राप्त ।

४) मासिक तलबको स्केल :– रू. २००।– देखि ३७५।– सम्म ।

५) महंगी भत्ता :– प्रचलित नेपाल कानूनबमोजिम ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६) दरखास्त दस्तुरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।
७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२१।७।१४।६ ।
८) सम्पर्क मिति :– ०२१।७।१७ का दिन ३ बजे ।
९) उम्मेदवारको उमेरः– १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आज्ञाले–
उदयप्रसाद
सचिव
लोकसेवा आयोग ।

## नेपाल लोकसेवा आयोगको
## सूचना नं. २५

यस आयोगबाट गजेटेड तृतीय श्रेणीको पदमा बढुवा गर्न लिइने योग्यता जांच्ने लिखित परीक्षाको पाठ्यक्रममा देहायबमोजिम संशोधन गरिएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

अनिवार्य ऐन श्रेस्ता

(क) ऐन कानून

साविकमा रहेकोः– अदालती विविध व्यवस्था ऐन, २०१७ मुलुकी सवाल बही बुझ्ने बारेको दफा १,६,१०,११,२६,२७,२८,३१,३२,३४,३५,३६,३८,३९,४१,४२, ४३,४४,४५,५०,५१,५६,६७,६८,७४,८८,८९ र ९०; कागज जांचको ११,१९,२०, र २१; जमानी गर्नेको २.३, र ५; निजामती सेवा ऐन, २०१३ र नियमावली र संशोधनहरू सहित नेपाल कानून व्याख्या ऐन-२०१० र संशोधन समेत।

हाल संशोधनभै रहेकोः– मुलुकी ऐन, कागज जांचको नं. १,४,५,६, र ७ जमानी गर्नेको नं. ६,७, र ९; निजामती सेवा ऐन, २०१३ र निजामती सेवा नियमावली, २०१३ र संशोधनहरू समेत; भ्रष्टाचार निर्वाण ऐन २०१७, लेखा परीक्षण ऐन, २०१८ र लेखपरीण नियमावली र लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० ।

(ख) स्रेस्ता

साविकमा रहेकोः– श्री ५ महाराजाधिराजको प्रशस्ती, अदालती स्रेस्ता शिक्षा, लेखोट, पूर्जी, धन जमानी, हाजिर जमानी, फेल जमानी, भरपाई, रसीद, कवच, पन्जिका, जाहेरी, रिपोर्ट, टिप्पणी, आदेश, स्याहा, मुचुल्का, मास्केवारी र जिम्मावारी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाल संशोधनभै रहेकोः– श्री ५ महाराजाधिराजको प्रशस्ती, लेखोट पूर्जी, धन जमानी, हाजिर जमानी, फेल जमानी, भरपाई रसीद, पञ्जिका, रिपोर्ट, टिप्पणी र आदेश, मुचुल्का, मास्केवारी, गोस्वारा भाउचर (फा. नं. १०), नगदी रसिद किताब (फा. नं. ११), खर्चको फांटवारी (फा. नं. १३), नगदी भुक्तानी किताब (फा. नं ६), त्रैमासिक माग फाराम (फा. नं. २१) र पेश्की खाता (फा. नं. २२)

इच्छाधीन ऐन स्रेस्ता

(क) ऐन

साविकमा रहेकोः– नेपाल अधिराज्यको संविधान, नागरिकता ऐन, नेपाल सार्वजनिक सुरक्षा ऐन, छापाखाना र प्रकाशन सम्बन्धी ऐन ।

हाल संशोनभै रहेकोः– (सम्बन्धित सेवाका गठन, श्रेणी, विभाजन, र भर्ना सम्बन्धी नियम) नेपालको संविधानको धारा १,७,८,२०,२४,७३,७६,७८,८०,८२; नागरिकता ऐन, २०२०, नेपाल सार्वजनिक सुरक्षा ऐन, २०१८ र मुलुकी ऐन, अदालती बन्दोबस्तको नं. ११८ ।

(ख) स्रेस्ता

साबिकमा रहेकोः– रपोट, ढपोट, आवाज्यें, साधक, फैसला, मोठ, जमाबन्दी, पट्टा, कबुलियत, वासिल बांकी र श्री ५ को सरकारद्वारा लागू गरिएको विभिन्न सचिवालय कार्यविधिहरू ।

हाल संशोधन भै रहेकोः–रपोट, ढपोट, आवाज्यें, साधक, फैसला, बयान, बकपत्र, बन्द सवाल, कबुलियत, पट्टा, विभिन्न सचिवालयहरूका कार्यविधि बैंक नगदी किताब (फा. नं. ५)

आज्ञाले–
उदयप्रसाद
सचिव,
लोकसेवा आयोग ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४ ] काठमाडौं, आश्विन २० गते २०२१ साल [ संख्या २६

### नेपाल लोकसेवा आयोगको
### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएकाछन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. (२०२१)को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त तथा अ तर्वार्ता दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्र र मार्कशिटको नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनुपर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, विज्ञापनमा उल्लिखित दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त दिंदा लाग्ने दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फाराम एक प्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. २४

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गत नर्सेज ट्रेनिङ स्कूललाई सिनियर मेकानिक्स, नन्–गजेटेड द्वितीय श्रेणी (प्राविधिक) पद १ एक स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– ड्राइभिङ्मा लाइसेन्स प्राप्त गरी मोटर, बस, जीप अटोमोबाइलको मेकानिक्सको काम गर्न सक्ने प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।

३) वाञ्छनीय योग्यताः– मोटर मेकानिक्स काममा ४।५ वर्षको काममा अनुभवीलाई विशेष प्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि२३५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १। एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ५। पांच रुपैयां ।

७) दरखास्त आइपुग्नुपर्ने मितिः– २०२१।८।८।२सम्म ।

८) सम्पर्क मितिः– २०२१।८।१०।४ का दिन ३ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. २५

१) पद र स्थानः– श्री ५ को सरकार, त्रि–चन्द्र कलेजको निमित्त प्राध्यापक (अंग्रेजी) गजेटेड तृतीय श्रेणी (प्राविधिक) पद १ अस्थायी (लिअनमाजाने कर्मचारी फर्की आएपछि स्वतः खारेज हुने)

२) आवश्यक न्यूनतम योग्यताः– अंग्रेजी साहित्यमा एम. ए. पास ।

३) वाञ्छनीय योग्यताः– उक्त विषयमा प्रथम श्रेणीमा पास भै अध्यापनमा अनुभवीलाई विशेष प्राह्यतादिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः–नगद रू. १० दस रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२१।७।२५।३ सम्ममा ।

८) सम्पर्कमितिः– २०२१।७।२८।६ का दिन ४ बजे ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

१०) स्वास्थ्य परीक्षाः– अन्तवर्तिाबाट सफल देखिएका उम्मेदवारको स्वास्थ्यपरीक्षा कुनै सरकारी अस्पतालद्वारा गराइनेछ । उक्त परीक्षाबापत रू.१०।– दश उम्मेदवार आफैंले बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. २६

१) पद र स्थानः– श्री ५ को सरकार, पशुपति हाईस्कूल, चावहिलको निमित्त नन्‌गजेटेड प्रथम श्रेणी, (प्राविधिक) शिक्षक पद १ एक, (बढीमा २ वर्षसम्मको अस्थायी अर्थात् असाधारण बिदामा बस्ने शिक्षक हाजिर नभएसम्म )

२) आवश्यक न्यूनतम योग्यताः– इतिहास र राजनीति शास्त्र लिई बी. ए. पास ।

३) वाञ्छनीय योग्यताः– अध्यापनमा अनुभव प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइनेछ।

४) मासिक तलबको स्केलः– रू. २००। देखि ३७५। सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू.७। सात रुपैयाँ ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः- २०२१।७।२६।४ सम्ममा ।

८) सम्पर्क मितिः- २०२१।७।२८।६ दिन ४ बजे ।

९) उमेरः— उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. २७

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गत अञ्जुलरी हेल्थ स्कूलको निमित्त ल्याबोरेटरी टेक्निसियन नन्‌गजेटेड प्रथम श्रेणी जवान १ एक स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– ल्याबोरेटरी टेक्निसियन कोर्श पास ।

३) वाञ्छनीय योग्यताः– उक्त काममा दखल भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १।५०– एक रुपैयां पचास पैसा ।

६) अन्तरवार्ता दस्तूर :– नगद रू. ७।– सात रूपैयां ।

७) दरखास्त आइपुग्नुपर्ने मितिः– २०२१।७।२६।४ सम्ममा ।

८) सम्पर्क मितिः– २०२१।७।२८।६ का दिन ४ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. २८

१) पद र स्थानः–श्री ५ को सरकार, केन्द्रीय टेलिफोन अफिसको निमित्त टेक्निकल नन्‌गजेटेड प्रथम श्रेणी(प्राविधिक) जवान १ एक स्थायी तथा पेन्सन पाइने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) आवश्यक न्यूनतम योग्यताः–वेसिक इन्स्टलेशन प्राक्टिस, स्टाण्डर्ड इन्स्टलेशन प्रा. टेलिफोन मेकानिक्स्, जेनेरेटर ट्रेनिङ्ग, केबूल ज्लाइसी मध्ये ४ विषयमा तालीम हासिल गरी प्रमाणपत्र प्राप्त ।

३) वान्छनीय योग्यताः– टेलिफोन सम्बन्धी प्राविधिक काममा कमसे कम ३ वर्षभन्दा बढी अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १।५०।– एक रुपैयां पचास पैसा ।

६) अन्तर्वार्ता दस्तुर नगद रू. ७ सात रुपैयां

७) दरखास्त आइपुग्नुपर्ने मितिः– ०२१।७।२८।६ सम्म ।

८) सम्पर्क मितिः– २०२१।८।२।३ का दिन ४ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. २९

१) पद र स्थानः– श्री ५ को सरकार, शिक्षा विभाग अन्तर्गत किटिनी स्कूल ल. पु गोदावरीको निमित्त मिडिल शिक्षक नन्‌गजेटेड द्वितीय श्रेणी ( प्राविधिक ) पद १ एक स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः–भौतिक शास्त्र रसायन शास्त्र र गणित लिई आइ एस्सी.पास ।

३) वान्छनीय योग्यताः– अध्यापन कार्यमा अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तूर :– नगद रू. १।– एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः–नगद रू. ५। पांच रुपैया ।

७) दरखास्त पुग्नुपर्ने मिति :– २०२१।७।२८।६ सम्ममा ।

८) सम्पर्क मितिः–२०२१।८।२।३ का दिन ३ बजे ।

९) उमेर :– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. ३०

१) पद र स्थानः– श्री ५ को सरकार, शिक्षा विभाग अन्तर्गत पाटन हाईस्कूलको निमित्त शिक्षक, नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– भौतिक शास्त्र रसायन शास्त्र र गणितलिई आइएस्सी पास ।

३) वान्छनीय योग्यताः– अध्यापन कार्यमा अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १।– एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ५। पांच रुपैयां ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७) दरखास्त पुग्नुपर्ने मिति– ०२१।८।१।२ सम्ममा
८) सम्पर्क मिति– ०२१।८।४।५ का दिन ३ बजे ।
९) उमेर– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

## विज्ञापन नं. ३१

१) पद र स्थान :– श्री ५ को सरकार, ग्रा. वा. हेडअफिसलाई इन्स्ट्रक्टर, नन्गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक, स्थायी तथा पेन्सन पाइने ।
२) आवश्यक न्यूनतम योग्यता:–टेलिप्रिण्टरको तालीम पाई प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।
३) वाञ्छनीय योग्यता:–सिङ्गल साइड बायण्डमा कमसे कम ६ महीना काम गरेको अनुभवलाई विशेष प्राथमिकता दिइनेछ ।
४) मासिक तलबको स्केल :– रू. १२५।– देखि २३५।– सम्म ।
५) दरखास्त दस्तूर:– नगद रू. १। एक रुपैयाँ ।
६) अन्तर्वार्ता दस्तूर:– नगद रू. ५।– पाँच रुपैयाँ ।
७) दरखास्त आयोगमा पुग्नुपर्ने मिति:– २०२१।८।१।२ सम्ममा ।
८) सम्पर्क मिति :– २०२१।८।४।५ का दिन ३ बजे पछि ।
९) उम्मेदवारको उमेर :– १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आज्ञाले–
उदयप्रसाद
सचिव
लोकसेवा आयोग ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग सरकार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।